United Nations

CCPR/C/119/D/2245/2013

**International Covenant on Civil and Political Rights**

Distr.: General
23 June 2017

Original: English

# मानवअधिकार समिति

निवेदन नं २२४५/२०१३ सँग सम्बन्धित ऐच्छिक आलेखको धारा ५(४) अन्तर्गत समितिद्वारा अवलम्बित निर्णय

निवेदिका : पूर्णमाया (परिवर्तित नाम) (एड्भोकेसी फोरम नेपाल र रिड्रेसद्वारा प्रतिनिधित्व गरिएकी)

पीडित भनिएको व्यक्ति : निवेदिका

पक्षराष्ट्र : नेपाल

निवेदन गरिएको मिति : १९ डिसेम्बर २०१२

सन्दर्भ दस्तावेज : २३ मे २०१३ मा पक्षराष्ट्रलाई प्रेषित समितिको प्रक्रियासम्बन्धी नियम ९७ बमोजिमको निर्णय (दस्तावेजको रूपमा हैन)

निर्णय अवलम्बन मिति : १७ मार्च २०१७

विषयवस्तु : सेनाका अधिकारीहरूबाट माओवादी समर्थक भनिएकी महिलामाथि यौन दुर्व्यवहार

कार्यविधिगत सवाल : उपलब्ध राष्ट्रिय उपचारहरू उपभोग नभएको

सारवान सवालहरू : क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार, स्वेच्छाचारी पक्राउ तथा थुना, लैङ्गिक विभेद, प्रभावकारी उपचारको अधिकार

अनुबन्धका धाराहरू : धारा २ (१) र (३), ३, ७, ९, १० (१) र २६

ऐच्छिक आलेखका धाराहरु : ५ (२) (ख)

१.१ यस निवेदनकी निवेदिका पूर्णमाया[1] १९६९ मा जन्मिएकी नेपाली नागरिक हुन् । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २(१) र (३), ३, ७, ९, १० (१) र २६ उल्लंघनको पीडित रहेको भनी निवेदिकाले दाबी गरेकी छन् । १४ मे १९९१ मा नेपालले ऐच्छिक आलेख लागू गरेको थियो । निवदेकलाई कानून व्यवसायीले प्रतिनिधित्व गरेका छन् ।

१.२ २०१३ अक्टोबर २ मा आफ्नो कार्यविधिगत नियमबमोजिम समितिले नयाँ सञ्चार र अन्तरिम उपायसम्बन्धी आफ्ना विशेष प्रतिवेदकमार्फत निवेदनको ग्राह्यतालाई विषय वस्तुभन्दा फरक राखेर परीक्षण गर्ने राज्यपक्षको अनुरोधलाई अस्वीकार गर्ने निर्णय गऱ्यो ।

**निवेदिकाले प्रस्तुत गरेका तथ्यहरू**

[1] The author is using a pseudonym for the present communication.

२.१ निवेदिका नेपालको मध्यपश्चिममा रहेको दैलेख जिल्लामा जन्मेकी हुन् । विवाह गरेर छोरी जन्माएपछि उनको परिवार जुम्ला जिल्लामा बसाईं सरेको थियो । उनको विवाह भएको दुई वर्ष पनि नबित्दै उनका श्रीमान्ले अर्को विवाह गरे र निवेदिका आफ्नी छोरीसहित दैलेख जिल्ला फर्किइन् ।

२.२ नेपालमा १९९६ मा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) र शाही नेपाली सेनाको सहयोगप्राप्त नेपाल सरकारबीच आन्तरिक सशस्त्र द्वन्द्व शुरु हुँदा[2] निवेदिका आफ्नी छोरीका साथ दैलेखको एउटा सानो झुपडीमा चिया पसल चलाएर बसिरहेकी थिइन् । माओवादीहरूले निवेदिकाको गाउँनजिकको जंगलमा बम विस्फोट गराउने गर्थे र शाही नेपाली सेना उनको पसलमा नियमित आउँदै माओवादीहरू उनको पसलमा बसेका छन् कि छैनन् भनी सोध्थे । उनीहरू उनलाई गालीगलौज गर्थे र 'माओवादीका लागि सुराकी' गरेको आरोप लगाउँथे ।

२.३ २००४ को सेप्टेम्बरमा शाही नेपाली सेनाका लेफ्टिनेन्ट जे.टी. निवेदिकाको घर आए र उनको श्रीमान्को माओवादीसँगको सम्बन्धका बारेमा सोधपुछ गरे । निवेदिकाले श्रीमान् जुम्लामा काम गरिरहेको र दोस्री श्रीमतीसँग बसिरहेको बताइन् । श्रीमान्लाई एक महिनाभित्र दैलेख बोलाउनू नत्र 'जुनसुकै परिणाम भोग्नु तयार रहनु' भनी निवेदिकालाई धम्काइयो । निवेदिकाले श्रीमान्लाई फोन गरी बोलाइन् तर उनलाई दैलेख ल्याउन सकिनन् । शाही नेपाली सेनाले त्यसपछि पनि तीनचोटि उनको श्रीमान्का कहाँ के गर्दैछन भनी सोध्ने र धम्की दिने गरेका थिए । यी अवसरहरूमा जे.टी. सँग ४० देखि ६० जना सैनिक हुने गर्थे । प्रत्येक पटक निवेदिका आफ्ना श्रीमान्लाई दैलेख ल्याउन असफल भइरहिन् ।

२.४ २००४ को नोभेम्बर २३ मा दिउँसो करीब ३ बजे लेफ्टिनेन्ट जे.टी. निवेदिकाको घरमा पसे, उनलाई कोठाबाट घिसार्दै बाहिर निकाले, उनलाई माओवादी भएको आरोप लगाए अनि थप सोधपुछका लागि उनलाई भवानी बक्स ब्यारेकमा लगे । ब्यारेक पुगेपछि उनलाई आँखामा पट्टी बाँधेर एउटा कोठामा लगियो । एकजना सैनिक अधिकारीले उनलाई उनको श्रीमान्को माओवादीहरूसँगको कथित सम्बन्धका विषयमा करीब एक घन्टा सोधपुछ गरे । तर उनले आफूलाई यस विषयमा केही थाहा नभएको बताइ रहिन् । त्यसपछि जे.टी.ले उनलाई अर्को एक घन्टा सोधपुछ गरे । त्यसपछि जे.टी. रिसाएर उनलाई गालीगलौज गर्न थाले । उनले आँखामा बाँधेको पट्टी निकाल्न खोज्दा जे.टी.ले उनलाई एक अज्ञात वस्तुले हिर्काए जसका कारण उनको दाहिने हातको माझी औंला र देब्रेतिरको आँखीभौंबाट रगत आयो । जे.टी.ले उनलाई बूट लगाएको खुट्टाले लात्तीले हाने र उनको पेट, ढाड, गोडा र घुँडामा मुट्ठीले हिर्काए । त्यसपछि उनले निवेदिकाको सारी च्यातिदिए । निवेदिकाले भाग्ने अवसर पाइन्छ कि भन्ने आशाले एक गिलास पानी मागिन् । जे.टी.ले उनलाई पिसाब फेरेर त्यही पिउनू भने । जे.टी.ले निवेदिकालाई जबरजस्ती समातेर बलात्कार गर्ने कोशिश गरे तर उनले जे.टी.लाई लात्ताले हानिन् । त्यसपछि उनले निवेदिकालाई कोठाभरि घिसारे र ढोकामा लगेर टाउको बजारिदिए जसका कारण उनको निधारबाट रगतको भल बग्यो । त्यसपछि जे.टी.ले उनको पेटीकोट ताने, उनलाई घोप्टो बनाए र दुईचोटि बलात्कार गरे । जे.टी.ले निवेदिकाको नाक, गाला र कुममा टोकिदिए जसका कारण ती अंगमा स्थायी दागहरू लागेका छन् । जे.टी. कोठाबाट बाहिर निस्केपछि कम्तीमा अरू तीनजना सैनिकहरु भित्र पसे र निवेदिकालाई उनी बेहोश नहुन्जेलसम्म पालैपालो बलात्कार गरे । भुइँमा लडिरहेको बेलामा ढोका खुलेको आवाज सुनेपछि निवेदिकाको होश खुल्यो । एकजना सैनिकको सहायताले उनी ब्यारेकबाहिर हिँडेर गईन र

[2] The author notes that the internal conflict escalated in November 2001 when the King declared a national state of emergency. The Royal Nepalese Army was then deployed in an effort to gain control over Maoist strongholds in western Nepal. Security forces under the unified command of the Army reportedly committed numerous extrajudicial killings of civilians suspected of having connections or sympathies with the Maoists. At the same time, the Maoists abducted and killed civilians suspected of having ties with the Gvernment.

उनलाई रातको करीब ८ बजे एक छिमेकीको पसलबाहिर छोडियो । उनी पीडामा कराइरहेकी थिइन् र हिँड्न सक्ने अवस्थामा थिइनन् । उनी त्यहाँ पल्टिरहिन् र पछि सो पसलको मालिक आए अनि एउटा एम्बुलेन्स बोलाएर उनलाई दैलेखको जिल्ला अस्पताल पुऱ्याइयो ।

२.५ दैलेख जिल्ला अस्पतालका स्वास्थ्यकर्मीले निवेदिकाको गर्भाशयबाट बगिरहेको रगत बन्द गराउन सकेनन् र उनलाई सुर्खेतको जिल्ला अस्पताल पठाइयो । उनले त्यहाँ एक हप्ता उपचार गराए पनि उनको गर्भाशयबाट रगत बग्न छोडेन । उनलाई भारतको लखनउ अस्पताल जान सिफारिश गरियो तर त्यहाँ जानका लागि उनीसँग पर्याप्त पैसा थिएन । २००५ को सेप्टेम्बरमा उनले पैतृक सम्पत्तिका रूपमा पाएको जग्गाको एक टुक्रा बेचेपछि बल्ल निवेदिका भारतस्थित लखनउ अस्पताल गएर गर्भाशयको शल्यक्रिया गराउन सफल भइन् । शल्यक्रियापछि उनमा गम्भीर संक्रमण भयो जसका कारण भारतबाट फर्केपछि उनी सुर्खेत जिल्ला अस्पतालमा अर्को १० दिन उपचार गराइन् ।

२.६ निवेदिकाको श्रीमान्ले उनी बलात्कृत भएको थाहा पाएपछि उनी र उनकी छोरीलाई पठाउने गरेको घरखर्च पनि पठाउन छाडे । आफूलाई यातना दिइएको ठाउँनजिक बस्ने भएकाले निवेदिकालाई त्यस घटनाको सम्झना आइरहन्थ्यो । त्यसैले उनी छोरीलाई लिएर सुर्खेतमा गएर पहिले एउटा डेरामा बसिन अनि पछि श्रीमान्को जमीनमा छाप्रो बनएर बस्न थालिन् ।[3]

२.७ २००६ को मार्चमा निवेदिका जिल्ला प्रशासन कार्यालयमा आन्तरिक विस्थापितलाई दिइने क्षतिपूर्तिको दाबी गर्न गइन् । उनी कार्यालयमा पुग्दा जे.टी. पनि त्यहाँ उपस्थित थिए । उनले जे.टी. लाई देखाएर उसैले आफूमाथि यातना तथा बलात्कार गरेको भनी सार्वजनिक रूपमा निन्दा गरिन् । जिल्ला प्रशासन कार्यालयका एकजना कर्मचारीले किन एउटी निर्दोष व्यक्तिलाई यातना दिएको भनी जे.टी.लाई सोधे । त्यहाँ उपस्थित प्रमुख जिल्ला अधिकारीले 'उनको प्रकृति र व्यक्तित्वका बारेमा जानेर नै जे.टी.ले यातना दिएको होला' भनी टिप्पणी गरे । जे.टी. चाहिँ चुपचाप टाउको झुकाएर बसिरहे । त्यसपछि प्रमुख जिल्ला अधिकारीले आन्तरिक विस्थापितका रूपमा निवेदिकाले 'अन्तरिम राहत' पाउने सिफारिश गरिएको एक पत्र दिए । तर यातनाको आरोपका सम्बन्धमा कुनै कारवाही गरेनन् ।

२.८ २०१० को नोभेम्बरमा द्वन्द्वपीडित महिलाहरूका लागि एड्भोकेसी फोरमले सञ्चालन गरेको स्वास्थ्योपचार सम्बिन्ध कार्यक्रममा निवेदिकाले भाग लिइन् । उक्त संस्थामार्फत उनले शारीरिक तथा मानसिक उपचार पनि पाइन् ।[4] ६ महिनाको उपचारपछि उनी बिस्तारै शारीरिक तथा मानसिकरूपमा तंग्रिन थालिन् र कानूनी कारवाहीका लागि उजुरी दिने मन बनाइन् । त्यसका लागि उनले एड्भोकेसी फोरमबाट कानूनी सहायता प्राप्त गर्न थालिन् ।

२.९ २०११ को सेप्टेम्बर ३० मा निवेदिकाले बलात्कार तथा अन्य अमानवीय र अपमानजनक कार्यको अपराधमाथि अनुसन्धान गरियोस् भनी दैलेख जिल्ला प्रहरी कार्यालय प्रहरीसमक्ष उजुरी पेश दिइन् । उजुरीमा निवेदिकाले कानूनी प्रतिनिधित्वको अभाव तथा यातनाका कारण उनले बेहोर्नुपरेको गम्भीर मानसिक आघात तथा शारीरिक अशक्तताका कारण त्यतिखेरसम्म उजुरी दिन नसकेको उल्लेख गरेकी थिइन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षकले मुलुकी ऐनको करणी

[3]The author filed for a divorce, which was granted by the court in late 2009. She was awarded the right to half of her husband's property, although this still remains in dispute.

[4]The author attaches to her complaint several medical and psychological reports from the Tribhuvan University Teaching Hospital in Kathmandu on the treatment she received during 2011.

सम्बन्धी महलको दफा ११ को जिकिर लिँदै उनको उजुरी दर्ता गर्न मानेनन् । उक्त व्यवस्था अनुसार बलात्कारको अपराधमाथि उजुरी दिनका लागि ३५ दिने हदम्याद लाग्छ । निवेदिका त्यसपछि सरकारी मुद्दासम्बन्धी ऐन[5] २०४९ को दफा ३(५) अन्तर्गत उजुरी दर्ता गराउनका लागि दैलेख जिल्ला प्रशासन कार्यालय पुगिन् तर उक्त कार्यालयले उनको उजुरी दर्ता गर्न जिल्ला प्रहरी कार्यालयले गरेको इन्कारीलाई सदर गर्‍यो । निवेदिकाका प्रतिनिधिहरूले प्रमुख जिल्ला अधिकारीलाई जिल्ला प्रशासन कार्यालयमा व्यक्तिगत रूपमा भेटेर उजुरीका बारेमा जानकारी दिए । प्रमुख जिल्ला अधिकारीले जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयले उजुरी दर्ता नगर्ने भनी गरेको निर्णयलाई मौखिक रूपमा पुष्टि गरे ।

२.१० जिल्ला प्रशासन कार्यालयले निवेदिकाको उजुरी दर्ता गर्न नमानेपछि निवेदिकाको एकमात्र सहारा सर्वोच्च अदालत रह्यो ।  २०११ को डिसेम्बर २१ मा निवेदिकाले सर्वोच्च अदालतमा अन्तरिम संविधानको धारा ३२ र १०७(२) बमोजिम उत्प्रेषण र परमादेश जारी गराइपाऊँ भनी रिट निवेदन पेश गरिन् । उनको उजुरी दर्ता नगर्ने प्रहरीको निर्णयले कानूनको दृष्टिमा समान व्यवहार, विभेदमाथिको प्रतिबन्ध, स्वेच्छाचारी थुनामाथिको प्रतिबन्ध, महिलाविरुद्धको विभेद र महिला हिंसामाथि प्रतिबन्ध, न्यायाधीश समक्ष तत्काल पेश गर्नुपर्ने अधिकार, स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिमाथि यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारमाथिको प्रतिबन्ध तथा क्षतिपूर्ति प्राप्त गर्ने पीडितको अधिकार लगायतका संवैधानिक अधिकारको उल्लंघन भएको रिट निवेदनमा उल्लेखित थियो ।[6] उनले सर्वोच्च अदालत समक्ष उजुरी दर्ता नगर्ने जिल्ला तहका निर्णयलाई खारेज गरिदिन तथा जिल्ला कार्यालयलाई उनको आरोप माथि अनुसन्धान शुरु गर्ने आदेश दिनका लागि निवेदन गरिन् । तर सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को दफा ३(५) बमोजिम निवेदिकाले प्रमुख जिल्ला अधिकारीबाट 'वैकल्पिक उपचार' नखोजेको भन्ने आधारमा सर्वोच्च अदालतका रजिस्ट्रारले निवेदिकाको निवेदन खारेज गरिदिए । २०१२ को जनवरी २२ मा सर्वोच्च अदालतका न्यायाधीश प्रकाश वस्तीले निवेदिकाको उजुरी दर्ता गर्न अस्वीकार गर्ने रजिस्ट्रारको निर्णयलाई सदर गर्ने आदेश दिए ।

२.११ उपलब्ध सबै राष्ट्रिय उपचारको उपभोग आफूले गरिसकेको निवेदिकाको जिकिर छ । उनले उजुरी दर्ता गर्ने कोशिश गरिन् र दर्ता अस्वीकार गर्ने जिल्ला तहको निर्णयविरुद्ध सर्वोच्च अदालतसमक्ष पुनरावेदन गरिन् । सर्वोच्च अदालतका रजिस्ट्रारले प्रमुख जिल्ला अधिकारीसमक्ष पहिला पेश नगरिएको भन्ने आधारमा उनको पुनरावेदन दर्ता गर्न अस्वीकार गरे जबकि यसो गरिसकिएको भनी प्रस्ट रूपमा रिट निवेदनमा लेखिएको थियो । जे भएपनि पदीय दायित्वअनुसार अपराध अनुसन्धान गर्नुपर्ने अवस्थामा राज्यपक्षले अपराध भएको भन्ने भरपर्दो सूचना पाएकै क्षणबाट अनुसन्धान शुरु गर्नुपर्छ । निवेदिकाले प्रमुख जिल्ला अधिकारी र जे.टी.को उपस्थितिमा जिल्ला प्रशासन कार्यालयलाई आफूलाई स्वेच्छाचारी थुनामा राखिएको र यातना दिइएको जानकारी दिएकी थिइन् भने जे.टी.ले पनि उनको आरोपको खण्डन गरेका थिएनन् । तैपनि उनको आरोपमाथि अनुसन्धान गर्नका लागि कुनै कारवाही गरिएन । अझ, राष्ट्रिय उपचार अप्रभावकारी तथा अनुपलब्ध छन् किनकि नेपालमा यातनालाई विशेष रूपमा फौजदारी अपराध बनाइएको छैन[7] र बलात्कारको उजुरीमा ३५ दिने हदम्याद

[5]According to section 3 (5) of the State Cases Act (1992), if the police refuse to register a FIR the complainant shall lodge such report with the Chief District Officer or the police office superior to the one that initially refused to register the complaint.

[6]Article 107 (2) of the Interim Constitution of Nepal (2007) directs the Supreme Court to issue necessary and appropriate orders to enforce or provide remedies for constitutional or other legal violations. Article 32 guarantees the right to a constitutional remedy for constitutional violations in accordance with article 107 (2).

[7]Although torture is recognized as a crime in the Interim Constitution of Nepal, there is no specific provision criminalizing this offence in domestic law. The author cites communication No. 1863/2009, *Maharjan v Nepal*, Views adopted on 19 July 2012, in which the

लगाइएकाले न्यायमा पहुँच रोकिएको अवस्था छ जुन अनुबन्ध[8]को भावना विपरित छ र यसलाई निवेदिकाले उपचारको सामान्य प्रयोग गरेको भनी निर्धारण गर्नका लागि जिकिर लिन मिल्दैन । यसका अलावा उनका लागि उजुरीको उपचार अप्रभावकारी र अनुपलब्ध थियो किनकि उनी आन्तरिक रूपमा विस्थापित थिइन भने यातनाका कारण गम्भीर शारीरिक तथा मानसिक क्षति बेहोर्नुपरेको थियो । अन्ततोगत्वा नेपालमामा द्वन्द्वकालका अपराधका लागि दण्डहीनताको संस्कृतिले कुनै पनि सैद्धान्तिक उपचारलाई अप्रभावकारी बनाउँछ । द्वन्द्वकालमा सेना तथा प्रहरी एकीकृत कमान्ड संरचना अन्तर्गत परिचालित थिए, त्यसैले सेनाले गरेको अपराधका बारेमा प्रहरीमा उजुरी गर्न पीडितहरूलाई गाह्रो थियो ।

२.१२ द्वन्द्वकालमा सेना र माओवादी दुवै पक्षबाट महिला तथा नाबालिकाहरूमाथि भएका बलात्कार लगायत यौन दुर्व्यवहारका घटनामा अन्य कुराका अलावा पीडकहरूका लागि दण्डहीनताको वातावरण, पीडितहरूमाथि लाग्ने सांस्कृतिक कलंक, पीडकहरूबाट असुरक्षा तथा प्रतिशोधको डर लगायतका कारणले कमै उजुरी पर्ने गरेको भनी निवेदिकाले निवेदन गरेकी छिन् ।[9] राज्यपक्षले द्वन्द्वकालमा भएका सामान्यतया कुनै पनि मानवअधिकार उल्लंघन अनि विशेष गरी यौन हिंसामाथि कारवाही नगरेको निवेदिकाले निवेदन गरेकी छिन् । प्रहरीले द्वन्द्वकालमा राजनीतिक विषय भएको भन्दै लगातार उजुरी दर्ता गर्न अस्वीकार गर्थ्यो । द्वन्द्व समाप्त भएपश्चात् ज्यान मार्ने अपराधमा केही उजुरी दर्ता भएका र अनुसन्धान शुरु गरिएका भएपनि अहिलेसम्म जम्मा एकजनालाई मात्र कसूरदार ठहऱ्याइएको छ । बलात्कारको अपराधमा त कानूनले नै ३५ दिने हदम्याद लगाएका कारण कुनै पनि उजुरी दर्ता भएका छैनन् । त्यसैले द्वन्द्वमा कुनै पनि उजुरी दर्ता नगरिएकाले कुनै पनि बलात्कारपीडितले विद्यमान कानूनबमोजिम अपराधको अभियोजन गराउन सकेका छैनन् । सर्वोच्च अदालतले बलात्कारको अपराधमा हदम्याद अनुचित र अवास्तविक प्रकृतिको भएको आधारमा यसलाई संशोधन गर्नका लागि दुईचोटि आदेश जारी गरिसकेको भएपनि यो प्रावधान अझै परिवर्तन गरिएको छैन । राज्यको मौन स्वीकृति र अपराधप्रतिको सहिष्णुताले बलात्कारका अपराध व्यापक मात्रामा भइरहेको र धेरै मुद्दाहरू अझै उजुरीमा नगएको, उजुरीहरूलाई प्रहरीले प्रायः अस्वीकृत गर्ने गरेको वा पीडितहरूलाई पीडकहरूसँग मुद्दा मिलाउन बाध्य बनाइएको निवेदिकाको भनाइ छ ।

२.१३ द्वन्द्वकालमा मानवअधिकार उल्लंघनका पीडितहरूलाई सरकारले तदर्थमा आधारित अनुग्रहपूर्ण रकम भुक्तानी गरेको निवेदिका निवेदन गर्छिन् । तर यो नीतिले बलात्कार तथा यौन हिंसाका पीडितहरुलाई समेटेको थिएन ।

## उजुरी

३.१ २००४ को नोभेम्बर २३ मा सूचना लिन, उनको श्रीमान्ले गरेको भनिएको कार्यको लागि दण्ड दिन, समुदायमा अन्य व्यक्तिलाई डरत्रास देखाउन र उनलाई बेइज्जत तथा अपमान गर्न निवेदिकाको आँखामा पट्टी बाँध्ने, कुटपिट गर्ने, लात्ताले हान्ने, मुड्कीले हान्ने र सामूहिक बलात्कार गर्ने लगायतका कार्य भएकाले निवेदिकाको हकमा अनुबन्धको धारा ७ को उल्लंघन हुने गरी शारीरिक तथा मानसिक यातना पीडित भएको दाबी गर्छिन् । बलात्कार आफैंमा द्विविधारहित रूपमा

---

Committee noted that torture was not criminalized in domestic law and that in the absence of legal provisions making torture a crime, the State could not provide the appropriate remedy of investigation and punishment. An effective remedy was therefore not available.

[8]See *Maharjan v Nepal*, para. 7.6.

[9]The author cites a number of reports, including Office of the United Nations High Commissioner for Human Rights (OHCHR), *Nepal Conflict Report* (October 2012), United Nations Population Fund and United Nations Children's Fund, Evaluation Report, "Ensuring recognition of sexual violence as a tool of conflict in the Nepal peace building process through documentation and provision of comprehensive services to women and girl survivors" (November 2012) and Amnesty International, "Nepal: human rights violations in the context of a Maoist 'peoples' war'" (March 1997), which documents incidents of sexual violence against women and girls during the conflict period as a tool of war.

यातना हो । यी घटनाहरूले निवेदिको जीवनमा शारीरिक तथा मानसिक रूपमा ठूलो प्रभाव पारेका थिए । उनी अझै पनि ढाड र पेटको दुखाई र योनिबाट पानी बग्ने समस्याबाट पीडित छिन् र उनलाई महिनाको दुईचोटि स्वास्थ्य जाँचका लागि जानुपर्छ । उनलाई कडा मानसिक आघात परेको पत्ता लागेको छ र उनी आन्तरिक विस्थापित बन्न बाध्य भएकी छन् । बलात्कार पीडित भएकै कारणले उनी समाजको एक हिस्सावाट बहिष्कृत हुनु परेको छ भने सो घटना पश्चात उनको श्रीमान्ले उनी र उनकी छोरीलाई घरखर्च पठाउन समेत छाडेपछि आर्थिक समस्यामा परेकी छन् ।

३.२ अनुबन्धको धारा ७ को सामञ्जस्यमा धारा २(१) विपरीत लिंगको आधारमा विभेदको पीडित बनेको निवेदिकाको दाबी छ । सो घटनाले अनुबन्धको धारा ३ ले प्रत्याभूत गरेको पुरुष तथा महिलाका लागि समान अधिकार हुनुपर्ने दायित्वको उल्लंघन हुन पुगेको उनको दाबी छ । बलात्कारको अन्तर्निहित उद्देश्य लिंगमा आधारित विभेद नै थियो । शुरुदेखि नै पीडकहरूले उनलाई यौनका अपमानजनक शब्दले सम्बोधन गरेका थिए (वेश्या, रण्डी आदि) । बलात्कार लिंग विशेषमा आधारित हिंसाको एक रूप भएको र यसको रूप वा उद्देश्यमा यसले अन्य कुराका अलावा महिलामाथि पुरुषको थिचोमिचोलाई जोड दिने वा कायम राख्ने लक्ष्य लिएको हुन्छ भनी निवेदिका निवेदन गर्छिन् ।[10] सामूहिक बलात्कार पनि यातनाको एक रूप हो जुन सशस्त्र द्वन्द्वमा महिला र बालिकाहरूमाथि अत्यधिक हुने गर्थ्यो किनभने नेपालको सामाजिक परिवेशमा महिला वा बालिकामाथिको बलात्कारले उनीहरुका लागि गम्भीर घटना हुने कुरा पीडकहरूलाई थाहा थियो ।

३.३ थुनामा रहँदा आफूले बेहोर्नुपरेको धारा ७ को उल्लंघन पनि अनुबन्धको धारा १०(१) अन्तर्गत भएका उल्लंघनका रूपमा ठहरिन्छन् भन्ने निवेदिकाको दाबी छ । साढे दुई घण्टासम्म आँखामा पट्टी बाँधिएर बस्नुपरेको, यातना सहनुपरेको र कम्तीमा चारजनाबाट लगातार बलात्कृत हुनुपरेको अवस्था स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिमाथिको मानवीय व्यवहारको सीमाभन्दा प्रस्टै रूपमा बाहिर पर्ने कुरा हो ।

३.४ राज्यका एजेन्टहरूले उनलाई पकाउ गर्नुभन्दा महिनौंअघिदेखि शृंखलाबद्ध रूपमा धम्की दिने काम अनुबन्धको धारा ९(१) अन्तर्गत व्यक्तिको सुरक्षाको अधिकारको उल्लंघनको हदसम्म पुगेको भन्ने निवेदिकाको दाबी छ ।[11] अनि २००४ को नोभेम्बर २३ मा उनको पकाउ तथा थुना पनि स्वेच्छाचारी र धारा ९(१), २ र ३ का प्रावधानविपरीत थियो किनकि उनलाई पुर्जीविना नै पक्राउ गरिएको थियो, उनीविरुद्धको कुनै पनि अभियोगका बारेमा उनलाई जानकारी दिइएको थिएन र उनलाई केही समयपछि नै थुनामुक्त गरिएको थियो । अझ कुनै पनि अपराधको बारेमा उल्लेख नगरिकनै उनलाई पक्राउ गर्न ४० देखि ६० सशस्त्र सैनिक ल्याउनुले अन्याय र अनुपयुक्तताका तत्त्वलाई समावेश गर्छ । उनले अनेकौं उपाय अपनाएको भएपनि सरकारले उनलाई क्षतिपूर्तिका नदिँदा अनुबन्धको धारा ९(५) को उल्लंघनको हदमा पुगेको निवेदिकाको आरोप छ ।

३.५ राज्यपक्षका अधिकारीहरू उजुरी गरिएको अपराधका विषयमा सचेत हुँदाहुँदै पनि उनले लगाएको यातनासम्बन्धी आरोपमाथि अहिलेसम्म कुनै अनुसन्धान थालिएको छैन र उनलाई एक सक्षम न्यायिक अधिकारीसमक्ष उपचारका लागि जानबाट निरन्तर वञ्चित गरिएको छ जुन अनुबन्धको धारा २(३) विपरीत हुन्छ भन्ने निवेदिकाको भनाइ छ ।

---

[10]See A/HRC/7/3.

[11]See communications No. 542/1993, *Tshishimbi v. Zaire*, Views adopted on 25 March 1996; and No. 1250/2004, *Rajapakse v. Sri Lanka*, Views adopted on 14 July 2006

३.६ मुलुकी ऐनको दफा ११ मा बलात्कारको अपराधमा ३५ दिने हदम्यादको व्यवस्थाले अनुबन्धको धारा ७ को सामञ्जस्यतामा धारा २(३) मा निहित प्रभावकारी उपचारको हकको उल्लंघन गर्ने निवेदिकाको तर्क छ । अपराधको गम्भीरता र प्रकृति, द्वन्द्वको अवस्था र बलात्कारपीडितहरूको जोखिमयुक्त तथा प्रतिकूल अवस्थामाथि विचार गर्दा हदम्याद अकारण रूपमा छोटो देखिन्छ । द्वन्द्वका बेलामा उजुरी दर्ता गर्न असम्भव हुनुका अलावा लज्जा र दोषका भावना, न्यायिक प्रणालीप्रतिको अविश्वास, प्रतिशोधको डर तथा निजता वा कलंक लगायतका भावनासहितका व्यक्तिगत अवरोधहरूले बलात्कारपीडितहरूलाई सामान्यतया अपराधको बारेमा उजुरी दिनबाट रोक्छ । नेपालका महिलाहरूले थप सांस्कृतिक अवरोधको सामना गर्नुपरेको छ जसमा निरक्षरता र गरीबी समावेश छन् । यी सबै कारणले विशेषगरी यति छोटो अवधिमा बलात्कारको उजुरी गर्न अत्यन्तै गाह्रो छ जसलाई सर्वोच्च अदालतले समेत स्वीकार गरेको छ ।[12] गम्भीर अपराधमा दण्डहीनताको सामना गर्ने राज्यहरूको दायित्व तथा लैंगिक हिंसाप्रति कारवाही गर्नुपर्ने उनीहरूको सकारात्मक दायित्व रहेको अनि बलात्कारपीडितहरूले अपराधको उजुरी गर्दा बेहोर्नुपरेको कठिनाइको सन्दर्भमा नेपाली कानूनमा हदम्याद अत्यन्तै छोटो रहेको र न्यायप्रीप्तिमा अवरोधका रूपमा रहेको मान्नुपर्छ अनि यो लैंगिक हिंसाको अनुसन्धान र अभियोजन गर्नुपर्ने राज्यको दायित्वको विपरीत पनि रहेको छ ।
यातनाको प्रकृतिलाई अन्तर्राष्ट्रिय कानूनका मान्यताको उल्लंघनका रूपमा लिइएको सन्दर्भमा अनुबन्धअन्तर्गतको दायित्व पूरा गर्नका लागि तथा यो मुद्दामा उल्लंघनको क्षतिपूर्तिका लागि राज्यपक्षले बलात्कारसहित यातनाको उजुरीका सम्बन्धमा सबै किसिमका हदम्यादलाई हटाउनुपर्छ ।[13]

३.७ पैंतीस दिने हदम्यादले अनुबन्धका धारा ३ र २६ लाई पनि उल्लंघन गर्ने निवेदिकाको दाबी छ किनकि यसले मूलतः महिलाविरुद्ध गरिने अपराधमा न्यायप्राप्तिको पहुँचलाई सीमित गर्छ र त्यसैले महिलामा यसको बढी नै प्रभाव पर्छ । यस्तो हदम्याद अन्य अपराधमा लागू हुँदैन (हत्यामा २० वर्षको हदम्याद तोकिएको छ), जारीमा (एक वर्ष), आगजनीमा (एक वर्ष), शारीरिक क्षति पुग्ने कुटपिटमा -तीन महिना), लूटपाटमा -तीन महिना), अपहरणमा (६ महिना), गाईहत्यामा (६ महिना) तोकिएको छ । बलात्कार जस्तो गम्भीर अपराधलाई फरक तरिकाले व्यवहार गर्नमा कुनै वस्तुगत वा समुचित आधार छैन । यसका अलावा बलात्कार लगायत महिलाविरुद्धका हिंसामाथि कारवाही गर्नुपर्ने राज्यपक्षको सकारात्मक दायित्व छ । बलात्कारले महिलालाई मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको उपभोग गर्नबाट रोक्छ ।[14]

३.८ परिपूरणका सम्बन्धमा समितिले राज्यपक्षलाई देहायबमोजिमका उपाय अपनाउनका लागि आह्वान गर्न निवेदिका निवेदन गर्छिन् : (क) निवेदिकाले जाहेर गरेका अपराधहरूमाथि पूर्ण र प्रभावकारी अनुसन्धान गर्ने र पीडकहरूलाई कानूनको दायरामा ल्याउने, (ख) निवेदिकाले दिएको उजुरीमाथि लागि जिल्ला प्रशासन कार्यालय कारवाही नगरेकोमा त्यसको पूर्ण एवं

---

[12]The author cites the order of mandamus of the Supreme Court of 11 July 2008 to the Government of Nepal, Ministry of Law, Justice and Parliamentary Affairs, Council of Ministers Secretariat, House of Representative, National Council, Writ No. 3393. The Supreme Court cited the lack of education and the exclusion of rape victims from society to explain the under-reporting of rape crimes. It further noted that an FIR exposed “victims in police station and court during the proceedings which require the victims to be present before the court and police for recording testimonies and examining of health and genitals. Victims are ignorant about the 35-day statute of limitations …. Because of this, many crimes of rape remain unreported and even in the cases which are reported, either the cases are annulled due to the delayed filing of the case after 35 days of the incident or the evidence is lost.”

[13]See, inter alia*,* the Convention on the Non-Applicability of Statutory Limitations to War Crimes and Crimes against Humanity; International Tribunal for the Prosecution of Persons Responsible for Serious Violations of International Humanitarian Law Committed in the Territory of the Former Yugoslavia since 1991 decision in *Prosecutor v. Anto Furundzija*, judgment of 10 December 1998; CCPR/C/PAN/CO/3; CAT/C/CR/30/4; CAT/C/TUR/CO/3; and CAT/C/MNE/CO/1.

[14]See Committee on the Elimination of Discrimination against Women, general recommendation No. 19 (1992) on violence against women, para. 7; and CEDAW/C/NPL/CO/4-5, para. 20.

प्रभावकारी अनुसन्धान गर्ने, (ग) यातनाका कारण निवेदिकाले बेहोर्नुपरेको आर्थिक तथा गैरआर्थिक क्षतिमा पर्याप्त क्षतिपूर्ति दिने, यातनाका कारण लागेका घाउचोटको उपचारखर्च (रु चार लाख पचास हजार) अनि उक्त क्षतिका कारण उनको निरन्तर शारीरिक र मनोवैज्ञानिक उपचारका लागि भएको खर्च जसले उनी र उनको छोरीको जीवनयापनका लागि पर्याप्त कमाइको अवसरलाई ध्वस्त पारिदिएको थियो, (घ) निवेदिकालाई पुनःस्थापनाको साधन उपलब्ध गराउने र (ङ) नेपाल सरकारले उनीमाथि भएका ज्यादतीका लागि सार्वजनिक माफी माग्ने । समितिले राज्यपक्षलाई देहायबमोजिमका सामान्य उपाय कार्यान्वयनका लागि आह्वान गर्न निवेदिका निवेदन गर्छिन् : (क) बलात्कारको मुद्दामा हदम्याद हटाउने, (ख) अपराधहरूमा अनुसन्धान थालनी गर्नका लागि आउने कठिनाइहरूविरुद्ध पर्याप्त सुरक्षाउपाय सुनिश्चित हुने गरी जाहेरी दर्ता प्रक्रियामा सुधार ल्याउने, (ग) यातनालाई फौजदारी अपराध बनाउनुपर्ने र यस अपराधमा दण्डहीनतालाई छुट दिने कानूनी प्रावधानहरूलाई हटाउनुपर्ने, (घ) नेपाली समाजमा यौन हिंसाको विषयको उजागर तथा पीडितको अवस्थालाई सुधार गर्न एक राष्ट्रिय संवादको शुरुवात गर्ने, (ङ) बलात्कारपीडितलाई न्यायमा पहुँचको प्रत्याभूतिका लागि उपायहरू अपनाउने जसमा देहायका कुरा पर्छन् : उजुरी दर्ता गर्दा, अनुसन्धान गर्दा र कानूनी प्रक्रियामा जाँदा पीडितको गोपनीयता र सुरक्षाको सुनिश्चितता, महिला प्रहरी अधिकारी र अभियोजनकर्ताको संख्या बढाउने, अस्पतालहरूमा यौन हिंसाका पीडितहरूका स्वास्थ्य जाँचसम्बन्धी कागजातको गोप्य भण्डारणसम्बन्धी नीतिहरू तर्जुमा गर्ने र द्वन्द्वका दौरान भएको यौन हिंसाका पीडितहरूलाई अन्तरिम राहत दिने ।

**ग्राह्यताको विषयमा राज्यपक्षको दृष्टिकोण**

४.१  २०१३ को अगस्ट १५ मा राज्यपक्षले आफ्नो दृष्किोणमा निवेदिकाले फौजदारी न्याय प्रणालीका साथसाथै सशस्त्र द्वन्द्वमा गरिएका अपराधमा सत्यनिरूपणका लागि उपयुक्त मार्ग संक्रमणकालीन न्याय संयन्त्र दुवैमा उपलब्ध राष्ट्रिय उपलब्ध उपचारको उपभोग नगरेको जिकिर गर्‍यो ।

४.२ सामान्य फौजदारी न्याय प्रणालीका सम्बन्धमा राज्यपक्षको भनाइ के छ भने मुद्दा दर्ता गर्नका लागि निश्चित हदम्याद प्रदान गर्नु सामान्य कुरा हो र निवेदिकाले हदम्यादभित्र आफ्नो मुद्दा दर्ता गर्न सकिनन् तथा बलात्कारको अपराधको उजुरीका सम्बन्धमा निर्धारित प्रक्रिया पूरा गरिनन् । यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ ले पनि यातनाको कार्य भएको वा पीडित थुनामुक्त भएको ३५ दिनभित्र क्षतिपूर्तिको दाबी गर्नका लागि यातनापीडितहरूलाई व्यवस्था गरेको छ र निवेदिकाले जिल्ला अदालतसमक्ष यो उपचार पाऊँ भनी निवेदन दिएकी छैनन् ।

४.३ संक्रमणकालीन न्यायको सवालमा अन्तरिम संविधानले राज्यलाई द्वन्द्वकालमा गरिएका मानवअधिकार उल्लंघनका घटनाको सम्बोधन गर्नका लागि एक संक्रमणकालीन न्याय संयन्त्र गठन गर्ने बाध्यता दिएको छ ।  २०१३ को मार्च १४ मा सरकारले बेपत्ता भएका व्यक्ति, सत्यनिरूपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेश २०६९ जारी गर्‍यो जसमा बलात्कार लगायत द्वन्द्वसँग सम्बन्धित गम्भीर उल्लंघनमाथि छानबिन गर्ने कार्यादेश थियो । आयोगले अन्य कुराका अलावा महान्यायाधिवक्तासमक्ष मुद्दा दर्ता गर्नका लागि सिफारिश गर्न सक्थ्यो । त्यसैले आयोग गठन भएपछि निवेदिकाले क्षतिपूर्तिका लागि यो संक्रमणकालीन न्याय संयन्त्रमा उजुरी दिन सक्थिन् ।

४.४ निवेदिकाले लगाएको थुना र यातनासम्बन्धी आरोपलाई कुनै पनि प्रमाणले पुष्टि गरेको छैन र उनको मुद्दा नेपालको कुनै पनि सक्षम अधिकारीले अभिलेखमा राखेको छैन भनी राज्यपक्ष बताउँछ ।

**ग्राह्यताका सम्बन्धमा राज्यपक्षका दृष्टिकोणमाति निवेदिकाको टिप्पणी**

५.१ २०१३ अगस्ट २८ मा गरेको टिप्पणीमा निवेदिका के उल्लेख गर्छिन् भने राज्यपक्षले राष्ट्रिय उपचारको उपभोग नभएको विषयलाई पुष्टि गर्नका लागि दुई विपरीतार्थक तर्क पेश गरेको छ : एकातिर उसले कानूनबमोजिम दिइएको हदम्यादभित्र निवेदिकाले उपचार प्राप्त गर्नका लागि पहल नगरेको बताउँछ अनि उत्तिखेरै उसले यो द्वन्द्वसँग सम्बन्धित उल्लंघन भएका कारण यसलाई सामान्य फौजदारी न्याय प्रणालीभन्दा पनि संक्रमणकालीन न्याय प्रणालीले विचार गर्नुपर्ने संकेत दिन्छ ।

५.३ फौजदारी न्याय प्रणाली अप्रभावकारी छ किनकि नेपालको फौजदारी कानूनअन्तर्गत यातनालाई फौजदारी अपराध बनाइएको छैन र यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ ले यातना पाएको वा थुनामुक्त भएको ३५ दिनभित्र रु एक लाखसम्मको क्षतिपूर्तिका लागि निवेदन दिने सम्भावनाको व्यवस्था गरेको तर यो यस्ता गम्भीर उल्लंघनमा प्रभावकारी उपचार होइन ।[15] बलात्कारको उजुरीका लागि ३५ दिने हदम्याद अनुबन्धको विपरीत छ किनकि यो विभेदकारी, पीडितले उपभोग गर्न असम्भव, सर्वोच्च अदालतले गैरसंवैधानिक ठहर गरेको र अपराधको गम्भीरतासँग पूरै मेल नखाने किसिमको छ भनी निवेदिका दोहोऱ्याउँछिन् ।

५.३ सत्यनिरूपण आयोगसम्बन्धी अध्यादेशले गठन गरेको संक्रमणकालीन न्याय संयन्त्रका सम्बन्धमा निवेदिकाको टिप्प्णी के छ भने यो उपचार अकारण लम्बिएको छ किनकि अहिलेसम्म आयोग गठन भएकै छैन र यसको कार्यान्वयनका विरुद्ध सर्वोच्च अदालतले २०१३ अप्रिल १ मा निषेधाज्ञा जारी गरेकाले यसबाट उपचार उपलब्ध हुन सक्ने अवस्था छैन । यसका अलावा यो उपचार न पर्याप्त छ न त प्रभावकारी नै छ किनकि यो बाध्यकारी असरविनाको गैरन्यायिक उपचार हो[16], यसको प्रक्रियामा गम्भीर त्रुटि छ, यसले गम्भीर मानअधिकार उल्लंघनहरूमा आममाफीको व्यवस्था गरेको छ, यसले पीडितको सम्मतिबेगर मेलमिलापलाई प्रवर्द्धन गरेको छ र यसले परिपूरणको अधिकारलाई पहिचान गरेको छैन ।

**विषयवस्तुमाथि राज्यपक्षको दृष्टिकोण**

६. २०१३ को नोभेम्बर २७ मा राज्यपक्षले उल्लेख गरेबमोजिम निवेदिकाको थुनाका सम्बन्धमा शाही नेपाली सेनासँग कुनै अभिलेख छैन, आरोपित लेफ्टिनेन्ट निवेदनमा उल्लेख गरिएको समय र स्थानमा खटिएका थिएनन् तथा निवेदनमा उल्लेख गरिएको अनुशार र शरीरको वर्णन त्यहाँ त्यतिखेर खटिएका व्यक्तिसँग मिल्दैनथियो ।

**विषयवस्तुमाथि राज्यपक्षको दृष्टिकोणमा निवेदिकाको टिप्पणी**

७. २०१४ को फेब्रुअरी ३ मा गरेको टिप्पणीमा निवेदिकाले के उल्लेख गरेकी छन् भने राज्यपक्षले उनका आरोपहरूलाई सर्सती रूपमा खारेज गरेको छ अनि केकस्ता अनुसन्धान गरिए, कसकसलाई प्रश्न गरियो र अभिलेखका कुन प्रमाणलाई आधार बनाइयो भन्ने सम्बन्धमा कुनै पनि व्याख्या गरिएको छैन । यसको विपरीत उनले उनको आरोपलाई पुष्टि गर्ने विस्तृत साक्षी बयान, स्वास्थ्य जाँचसम्बन्धी अभिलेख र कानूनी कागजात पेश गरेकी छन् । उनका प्रमाण र आरोप पनि नेपालमा

---

[15]See *Maharjan v. Nepal*, para. 7.5.

[16]See OHCHR Comments on the Nepal Commission on Investigation of Disappeared Persons, Truth and Reconciliation Ordinance — 2069 (2013) of 3 April 2013; and communication No. 2018/2010, *Chaulagain v. Nepal*, Views adopted on 28 October 2014, para. 6.3.

द्वन्द्वका दौरान भएका ज्यादतीका संरचनासँग मिल्दाजुल्दा छन् । त्यसैले समितिले विपरीत प्रमाणको अभावमा उनका आरोपहरूलाई महत्त्व दिनुपर्छ । जे भएपनि थुनाको अभिलेखको अभाव अर्थहीन छ किनकि द्वन्द्वका दौरान सेनाले पक्राउ तथा थुनाका सम्बन्धमा कानूनी आवश्यकतालाई प्रायः अनुपालन गर्दैनथियो ।[17] उनलाई अनौपचारिक थुनाकेन्द्र (सेनाको ब्यारेक जहाँ उनीमाथि गम्भीर मानवअधिकार उल्लंघनका घटना गरिए) मा राखिएकाले उनको थुनाका सम्बन्धमा कुनै पनि अभिलेख नराखिनु कुनै आश्‍चर्यको कुरा हैन । आरोपित लेफ्टिनेन्ट घटना भएको समयमा उक्त क्षेत्रमा खटिएको विषयलाई राज्यपक्षले अस्वीकार गरेपनि यसलाई पुष्टि गर्ने कुनै प्रमाण नदिएको भनी निवेदिका उल्लेख गर्छिन् । उनले आफूलाई पक्राउ गरिएको र यातना दिइएको कुरा प्रहरी र समितिसमक्ष ठोस र शपथसहितको प्रमाण उपलब्ध गराएकी छन् । उक्त समयमा त्यस क्षेत्रमा कुन सैनिकहरू खटिएका थिए र यी जंगी कारवाहीहरूमा आदेश दिन कुन व्यक्तिहरू जिम्मेवार थिए भन्ने विषयको सूचना पूर्णतया राज्यपक्षको ज्ञानको दायरामा पर्छ ।[18]

**दुवै पक्षका थप सूचना**

८ २०१४ जुलाई ४ मा निवेदिकाले समितिलाई जानकारी दिएअनुसार संसद्ले २०१४ अप्रिल २५ मा बेपत्ता पारिएका व्यक्ति, सत्यनिरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन २०७१ पारित गरेको थियो । यो ऐन द्वन्द्वसँग सम्बन्धित गम्भीर मानवअधिकार उल्लंघनका मुद्दामा लागू हुन्छन् । तर ओएचसिएचआर[19] र एड्भोकेसी फोरम, रिड्रेस तथा ट्रायल तीन संस्थाहरू संलग्न भएको एक गैरसरकारी संस्थाहरूको समूह[20]ले गरेको दुई छुट्टाछुट्टै विश्लेषण अनुसार यो ऐन अनुबन्धसँग अनुकूल नभएको देखिन्छ किनकि अन्य कुराका अलावा यसले -क) गम्भीर मानवअधिकार उल्लंघनमा आममाफी दिलाउँछ, (ख) उल्लंघनहरूमा फौजदारी अनुसन्धान गर्ने सम्बन्धमा अधिकारीहरूलाई स्वविवेकको अधिकार दिन्छ, पीडितहरूको परिपूरणको अधिकारलाई चिन्दैन र (घ) आयोगलाई स्वतन्त्रता र निष्पक्षताको पर्याप्त प्रत्याभूति दिलाउँदैन । बलात्कारको अपराधलाई क्षमादानको प्रावधानबाट हटाइएको भएपनि बलात्कारका पीडक र पीडितका बीचको मेलमिलाप पीडितको सम्मतिविना नै पनि गराउन सकिन्छ र त्यसपछि अभियोजन हुँदैन । निवेदिकाले आरोप लगाएको स्वेच्छाचारी थुना र यातना लगायतका अन्य ज्यादती पनि क्षमादानको विषय बन्न पुग्छ ।

९. ७ जुलाई २०१४ र ११ डिसेम्बर २०१४ मा पक्षराष्ट्रले एक संक्रमणकालीन न्याय संयन्त्र गठन गर्ने क्रममा रहेको र यस्तो संयन्त्रमार्फत वर्तमान मुद्दामा पूर्ण अनुसन्धान गर्न आफू कटिबद्ध रहेको उल्लेख गरेको थियो । पक्षराष्ट्रले समितिलाई द्वन्द्वपीडितहरूका लागि राहत, पुनःस्थापना र पुनःसमायोजन प्रदान गर्नका लागि अनेकौं नीति तथा कार्यक्रम ल्याएको जानकारी दिएको थियो । सर्वोच्च अदालतले त्यतिखेर सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐनमाथि विचार गरिरहेको थियो । ऐनले आममाफीको प्रावधान नराखेर क्षमादानका लागि प्रस्त शर्तहरू राखेको छ र क्षमादान दिनुअघि पीडितसँग सघन परामर्श गर्नुपर्ने आयोगको दायित्व निर्धारण गरेको छ । ऐनका आधारमा गठन भएका आयोगहरूले पूर्ण संरचनागत तथा कार्यात्मक स्वतन्त्रता तथा स्वायत्तता पाउने अनि उनीहरूले पीडितको सम्मतिबेगर मेलमिलाप गराउन नपाउने व्यवस्था गरिएको थियो ।

---

[17]See OHCHR, *Nepal Conflict Report* (2012), p.155.

[18]See communication No. 11/1977, *Motta v. Uruguay*, Views adopted on 29 July 1990, para. 14.

[19]See OHCHR Technical Note: The Nepal Act on the *Commission on Investigation of Disappeared Persons, Truth and Reconciliation, 2071 (2014)* — as Gazetted 21 May 2014.

[20]See Advocacy Forum — Nepal, TRIAL (Track Impunity Always) and REDRESS, "Paying lip service to justice: the newly adopted TRC Act breaches international law and flouts the decision of the Supreme Court of Nepal" (June 2014).

१०.१ सर्वोच्च अदालतले २०१५ को फेब्रुअरी २६ मा सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन अन्तरिम संविधान तथा अन्तर्राष्ट्रिय कानूनको विपरीत रहेको भनी फैसला सुनाएको निवेदिकाले २०१५ को मार्च १७ मा उल्लेख गरेकी थिइन् । अदालतले क्षमादानसम्बन्धी दफा २६ लाई खारेज गऱ्यो र मेलमिलाप पीडितहरूको सम्मतिमा मात्र दिन सकिने प्रस्ट पाऱ्यो । १०.२ नीति तथा कार्यक्रममार्फत राहतको व्यवस्था गम्भीर मानवअधिकार उल्लंघनको प्रभावकारी उपचारको हदमा पुग्न नसक्ने निवेदिका उल्लेख गर्छिन् ।[21]

**समितिमा विवाद र सुनुवाइ**

*ग्राह्यता उपर समितिको फैसला*

११.१ निवेदनमा लिइएको दाबीउपर छलफल गर्नुपूर्व मानवअधिकार समितिले यसको कार्यविधिको नियम ९३ अनुसार यो मुद्दा अनुबन्धको ऐच्छिक आलेख अन्तर्गत ग्राह्य छ कि छैन भनी हेर्नुपर्छ ।

११.२ ऐच्छिक आलेखको धारा ५, परिच्छेद २ (क) ले व्यवस्था गरेअनुसार यस मुद्दालाई हालसम्म अन्य अन्तर्राष्ट्रिय अनुसन्धान वा व्यवस्थापन अन्तर्गत हेरिएको छैन भनी समितिले निक्यौंल गरेको छ ।

११.३ एकातिर निवेदिकाले २०१४ को अप्रिल २५ मा पारित गरिएको सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐनमार्फत गठन भएको संक्रमणकालीन न्याय संयन्त्रको उपयोग गर्न चुकेकाले अनि अर्कातिर कानूनबमोजिम निर्धारित हदम्यादभित्र बलात्कारका सम्बन्धमा फौजदारी उजुरी दर्त गर्न वा यातनाका लागि क्षतिपूर्तिको दाबी गर्न नसकेकाले राष्ट्रिय उपचारको उपभोग नभएको भन्ने राज्यपक्षको दाबीलाई सम्बन्धमा समितिले टिपोट गरेको छ ।

११.४ संक्रमणकालीन न्याय संयन्त्रका सम्बन्धमा निवेदिकाले यस्तो संयन्त्र उपलब्ध नभएको किनकि आजको मितिसम्म सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन नगरिएको अनि यसको गैरबाध्यकारी प्रकृति र प्रतिवेदनहरू तथा सर्वोच्च अदालत स्वयंले यसमा अनेकौं त्रुटिहरू रहेको र अदालतले सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन असंवैधानिक तथा अन्तर्राष्ट्रिय कानूनको विपरीत रहेको भनी फैसला गरेको भन्ने निवेदिकाको जिकिरलाई समितिले टिपोट गरेको छ ।[22] समितिले ऐच्छिक आलेखको धारा ५ को परिच्छेद २ (ख) ले औंल्याएका आवश्यकताको परिपूर्तिका लागि गैरन्यायिक निकायहरूको उपभोग समाप्ति गर्नु जरूरी नभएको आफ्नो विधिशास्त्रलाई पनि समितिले स्मरण गरेको छ ।[23] सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐनअन्तर्गत गठित आयोगले निवेदिकाका लागि प्रभावकारी उपचार दिन नसक्ने समितिको ठहर छ ।

११.५ जहाँसम्म नेपालको फौजदारी न्याय प्रणालीअन्तर्गत उपलब्ध उपचारहरूको कुरा छ, निवेदिकाले बलात्कारको अपराध तथा अन्य अमानवीय र अपमानजनक कार्यहरूका सम्बन्धमा जिल्ला प्रहरी कार्यालयसमक्ष जाहेरी दिन कोशिश गरेको र

---

[21] See communication No. 2018/2010, *Chaulagain v. Nepal*, Views adopted on 28 October 2014, paras. 6.3 and 11.6; and Committee against Torture, general comment No. 3 (2012) on implementation of article 14 by States parties, para. 37.
[22] Ibid.
[23] See communications No. 2000/2010, *Katwal v. Nepal*, Views adopted on 1 April 2015, para. 6.3; and No. 1761/2008, *Giri v. Nepal*, Views adopted 24 March 2011 and corrigendum, para. 6.3.

यसलाई बलात्कारको अपराधका लागि ३५ दिने हदम्यादका आधारमा अस्वीकार गरिएको अनि उनले यो अस्वीकारको निर्णयलाई सर्वोच्च अदालतसमक्ष पुनरावेदन गरेको विषयलाई समितिले टिपोट गरेको छ । यातनाका कारण बेहोर्नुपरेको गम्भीर शारीरिक तथा मनोवैज्ञानिक क्षति तथा कानूनी सहायताको अभावमा कानूनले निर्धारण गरेको हदम्यादभित्र आफूले उजुरी गर्न नसकेको कुरा निवेदिकाले लिखित जाहेरीका साथसाथै समितिसमक्ष पेश गरेको निवेदनमा समेत व्याख्या गरेको विषयलाई समितिले टिपोट गरेको छ । राज्यपक्षमा बलात्कारको उजुरी दर्ता गराउनका लागि कानूनी र व्यावहारिक सीमा रहेको सन्दर्भमा अनि यस्तो उजुरी गर्नका लागि निवेदिकाले गरेको गरेको प्रयासलाई विचार गर्दा निवेदिकाका लागि यो उपचार अप्रभावकारी र अनुपलब्ध दुवै रहेको समितिको ठहर छ ।

११.६ यातना क्षतिपूर्ति ऐन २०५३ अन्तर्गत उपचारको सम्बन्धमा यो निवेदनमा आरोप लगाइएका गम्भीर कसूरहरूमा क्षतिपूर्तिले पीडक भनिएका व्यक्तिहरूका विरुद्ध अनुसन्धान र अभियोजन गर्ने राज्यका अधिकारीहरूको दायित्वलाई प्रतिस्थापन गर्न नसक्ने समितिले स्मरण गरेको छ ।[24] क्षतिपूर्तिका यस्ता दाबीहरू अधिकतम क्षतिपूर्ति रकम रु एक लाखमा सीमित छन् र यिनमा ३५ दिने हदम्याद लागू हुन्छ भनी समिति टिपोट गर्छ । समितिले आफ्नो अघिल्लो विधिशास्त्रलाई स्मरण गर्छ जसमा उसले यातना क्षतिपूर्ति ऐनअन्तर्गत क्षतिपूर्तिको दाबीमा ३५ दिने हदम्याद आफैंमा अपराधको गम्भीरतासँग पटक्कै अनुकूल नभएको उल्लेख गरेको थियो ।[25] त्यसैले यो उपचार पनि निवेदिकाका लागि अप्रभावकारी र अनुपलब्ध रहेको समितिको विचार छ । यसैअनुसार यो निवेदनमाथि विचार गर्नका लागि ऐच्छिक आलेखको धारा ५ को परिच्छेद २(ख) ले आफूलाई नरोक्ने समितिको निष्कर्ष छ ।

११.७ ग्राह्यताका सबै दायराहरू परिपूर्ण भएकाले समिति निवेदिकाको निवेदन ग्राह्य भएको घोषणा गर्छ र यसको विषयवस्तु उपर जाँच गर्ने कार्यविधि अगाडि बढाउँछ ।

**मुद्दाको विषयवस्तुउपर विचार**

१२.१ मानवअधिकार समितिले दुवै पक्षबाट प्राप्त गरेको सबै जानकारीका आधारमा यस निवेदनउपर ऐच्छिक आलेखको धारा ५, परिच्छेद १ बमोजिम विचार गरेको छ ।

१२.२ २००४ को नोभेम्बर २३ मा आफूलाई सैनिक ब्यारेकमा राखिँदा आफ्नो श्रीमान्को माओवादीलाई कथित समर्थनको सूचना लिन, आफू र समुदायका अन्य व्यक्तिलाई सजाय तथा धाकधम्की दिन अनि आफूलाई बेइज्जत र अपमान गर्नका लागि आफूमाथि शाही नेपाली सेनाका सदस्यहरूले सामूहिक बलात्कार गरेको तथा अन्य किसिमका यातनाहरू दिएको निवेदिकाका आरोपलाई समितिले टिपोट गर्छ । राज्यपक्षले यी कुनै पनि आरोपको प्रतिवाद गरेको छैन बरू यी आरोप कुनै पनि प्रमाणले पुष्टि गर्दैनन् भनी उल्लेख मात्र गरेको छ । विशेषगरी निवेदिका र राज्यपक्षको प्रमाणमा सदा समान पहुँच नहुने भएकाले र प्रायः जसो राज्यपक्षसँग मात्र सान्दर्भिक सूचना हुने गरेको सन्दर्भमा प्रमाणको भार निवेदिकामा मात्र रहन नसक्ने समिति स्मरण गर्छ ।[26] ऐच्छिकआलेखको धारा ४, परिच्छेद २ अनुसार कुनै पनि राज्य वा उसका प्रतिनिधिविरुद्ध अनुबन्धको

---

[24]See for example, *Mahrajan v. Nepal*, para. 7.6; and communication No. 1588/2007, *Benaziza v. Algeria,* Views adopted on 26 July 2010, para. 8.3.

[25]See *Mahrajan v. Nepal*, para. 7.6.

[26]See, inter alia, communications No. 1422/2005, *El Hassy v. Libyan Arab Jamahiriya*, Views adopted on 24 October 2007, para. 6.7; and No. 1297/2004, *Medjnoune v. Algeria*, Views adopted on 14 July 2006, para. 8.3.

उल्लंघन गरेको आरोप लागेमा राज्यपक्षले असल नियतले त्यसको अनुसन्धान गरी प्राप्त सूचना समितिलाई उपलब्ध गराउनु राज्यको कर्तव्य हो ।आरोपलाई पुष्टि गर्ने गरी निवेदिकाले पेश गरेका विश्वसनीय प्रमाणहरू र त्यसको वैधता प्रमाणित गर्ने सूचना राज्यपक्षको हातमा रहेको भए पनि राज्यपक्षले सन्तोषजनक प्रमाणहरू र विश्लेषणहरू उपलब्ध गराउन नसकेको अवस्थामा समितिले निवेदिकाको आरोपलाई जायज मान्न सक्नेछ । यस मुद्दामा राज्यपक्षले चित बुझ्दो विश्लेषण प्रस्तुत गर्न नसकेको अवस्थामा समितिले निवेदिकाको आरोपलाई बढी प्राथमिकता दिनुपर्ने हुन्छ । निवेदिकाले आफूले बेहोर्नुपरेको सामूहिक बलात्कार तथा अन्य यातनाहरूको विस्तृत र सिलसिलेवार वर्णन गरेको जसलाई उनले उपलब्ध गराएका स्वास्थ्य तथा मनोवैज्ञानिक जाँचका प्रतिवेदनहरूले पुष्टि गरेका छन् र जुन विभिन्न राष्ट्रसंघीय तथा गैरसरकारी प्रतिवेदनहरूमा उल्लेख भएबमोजिम आन्तरिक द्वन्द्वको समयमा विशेषगरी सोधपुछको सन्दर्भमा माओवादी कार्यकर्ता वा माओवादीका समर्थक भनी आरोपित महिलाहरूविरुद्ध नेपालका सुरक्षाबलहरूले गर्ने यौन हिंसाका रूपमा हुने उल्लंघनको सामान्य संरचनासँग मिल्न आउँछन्[27] अनि राज्यपक्षले यस सम्बन्धमा कुनै व्याख्या नगरेको सन्दर्भमा निवेदिकाका आरोपहरूलाई बढी प्राथमिकता दिनुपर्ने हुन्छ । निवेदिकाले विभिन्न उपायहरू अपनाएको भएपनि उनले लगाएको यातनाको आरोपमाथि राज्यपक्षले कुनै पनि अनुसन्धान शुरु नगरेकोलाई पनि समिति टिपोट गर्छ ।

१२.३ थुनामा रहँदा निवेदिकामाथि गरिएको सामूहिक बलात्कार र यातनाका अन्य कार्य र पछि उनका उजुरीहरूमाथिको अनुसन्धान, ज्यादतीका लागि जिम्मेवारहरूको अभियोजन तथा पीडितलाई परिपूरणको अभावले अनुबन्धको धारा २ को परिच्छेद ३ को सामञ्जस्यतामा धारा ७ अन्तर्गत पर्ने निवेदिकाको अधिकारको उल्लंघन भएको समितिको विचार छ ।

१२.४ निवेदिकामाथि गरिएको सामूहिक बलात्कारका सम्बन्धमा उनले यो दुष्कार्यको विभेदकारी उद्देश्य रहेको भनी गरेको चुनौतीरहित तर्कलाई पनि समिति टिपोट गर्छ । उनलाई सम्बोधन गर्नका लागि प्रयोग गरिएका शब्दहरू तथा उनीमाथि व्यवहार गर्ने तरिकाका साथसाथै नेपाली समाजमा बलात्कारपीडित महिलाका लागि विशेष रूपमा गम्भीर विभेदकारी परिणाम हुने जानेरै द्वन्द्वका दौरान महिलाहरूविरुद्ध सामूहिक बलात्कारको आम प्रयोगले पनि यसको विभेदकारी उद्देश्यलाई उजागर गर्छ (माथि अनुच्छेद २.१२-२.१३ र ३.२ हेर्नुस्) । महिलाहरू आन्तरिक वा अन्तर्राष्ट्रिय द्वन्द्वको समयमा विशेषगरी जोखिममा रहन्छन् र यस्ता परिस्थितिमा राज्यहरूले महिलाहरूलाई बलात्कार, अपहरण तथा अन्य किसिमका लैंगिक हिंसाबाट संरक्षण गर्नका लागि सबै किसिमका उपाय अपनाउनुपर्छ ।[28] निवेदिकामाथि भएको सामूहिक बलात्कारको परिस्थिति (अनुच्छेद २.४ हेर्नुस्)[29] तथा राज्यपक्षले यस्ता अपराधको अनुसन्धान र जवाफदेहिता निर्धारणमा असफलता हासिल गरेको सन्दर्भमा राज्यपक्षले अनुबन्धको धारा ७ को सामञ्जस्यतामा धारा २ को परिच्छेद १ र धारा ३ का साथसाथै धारा २६ अन्तर्गत लैंगिक विभेदविरुद्धको निवेदिकाको अधिकारलाई उल्लंघन गरेको समिति विचार गर्छ ।

१२.५ निवेदिकाको उजुरी दर्ता अस्वीकार गर्नका लागि नेपाली अधिकारीहरूले राष्ट्रिय कानूनअन्तर्गत बलात्कारको अपराधमा लागू हुने ३५ दिने हदम्यादलाई आधार बनाएको विषयलाई पनि समितिले टिपोट गर्छ । बलात्कारको उजुरी दर्ता गर्नका लागि अकारण रूपमा यति छोटो अवधिको हदम्याद अपराधको गम्भीरता तथा प्रकृतिसँग पटक्कै अनुकूल नभएको तथा यसले

[27]See, inter alia, OHCHR, *Nepal Conflict Report* (2012), p. 158.
[28]See the Committee's general comment No. 28 (2000) on equality of rights between men and women, para. 8.
[29]See communications No. 1610/2007, *L.N.P. v. Argentina*, Views adopted on 18 July 2011, para. 13.3; and No. 2234/2013, *M.T. v. Uzbekistan*, Views adopted on 23 July 2015, para. 7.6.

महिलामाथि बढी नै नकारात्मक असर पारेको समितिले विचार गर्छ । महिला नै बलात्कारको बढी शिकार हुन्छन् ।[30] यसैअनुरूप नेपाली कानूनअन्तर्गत बलात्कारको अपराधमा ३५ दिने हदम्यादले निवेदिकालाई न्यायमा पहुँच दिनबाट रोकेको र त्यसैकारणले यो अनुबन्धको धारा ७ र २६ को सामञ्जस्यतामा धारा २ को परिच्छेद ३ को उल्लंघन भएको समितिले निष्कर्ष निकल्छ ।

१२.६ यो माथिको तथ्यको सन्दर्भ रहेको अवस्थामा निवेदिकाले अनुबन्धको धारा १०(१) अन्तर्गत गरेको दाबीमाथि बेग्लै जाँच नगर्ने निर्णण समितिले लिन्छ ।

१२.७ उनलाई शाही नेपाली सेनाका सदस्यहरूले लगातार धाकधम्की दिएको र सताएको अनि सेनाको ठूलो टुकडीले कुनै पनि पुर्जीविना नै तथा उनीविरुद्ध लगाइएका कुनै पनि अभियोगको बारेमा जानकारी नदिइकनै पक्राउ गरेको, उनलाई सैनिक ब्यारेकमा घण्टौंसम्म थुनामा राखिएको र पछि थुनामुक्त गरिएको, उनलाई उनका अनेकौं कोशिशका बाबजुद उक्त थुनाका लागि क्षतिपूर्ति नदिइएको भन्दै निवेदिकाले धारा ९ का परिच्छेदहरू १, २, ३ र ५ अन्तर्गत गरेका दाबीहरूलाई समिति टिपोट गर्छ । राज्यपक्षले निवेदिकाको थुना अभिलेखको अभावको संकेत दिएको छ तर यसको विपरीत हुने कुनै पनि व्याख्या गरेको छैन, न त उसले निवेदिकाका आरोपहरूमाथि आवश्यक अनुसन्धान नै गरेको छ । निवेदिकाले आफूलाई थुनामा राखिएको विषयमा विश्वसनीय मुद्दा प्रस्तुत गरेकी छन् र स्वेच्छाचारी तथा गैरकानूनी थुनाका पीडितहरूलाई थुनाको अभिलेख पेश गर्न लगाउनु युक्तिसंगत नहुने समितिको दृष्टिकोण छ ।  निवेदिकाले पेश गरेको प्रमाणलाई चुनौती दिने प्रमाणभार प्रस्ट रूपमा राज्यपक्षमा रहेको छ भनी समिति विचार गर्छ । त्यसैले आन्तरिक द्वन्द्वको सन्दर्भमा शाही नेपाली सेनाका सदस्यहरूबाट निवेदिकालाई थुनामा राख्नु तथा राज्यपक्षले उनलाई क्षतिपूर्ति नदिनुले अनुबन्धको धारा ९ अन्तर्गत उनका अधिकारको उल्लंघन गर्छ भनी समिति विचार गर्छ ।

१३. ऐच्छिक आलेखको धारा ५ को परिच्छेद ४ अन्तर्गत काम गर्दै समितिले बनाएको दृष्टिकोण अनुसार समितिसमक्ष प्रस्तुत गरिएका तथ्यहरूले राज्यपक्षले अनुबन्धको धारा २ को परिच्छेद ३ को सामञ्जस्यतामा धारा ७ को उल्लंघन, धारा ७ को सामञ्जस्यतामा धारा २ को परिच्छेद १ र धारा ३, धारा २६, धारा ७ र २६ को सामञ्जस्यतामा धारा २ को परिच्छेद ३ र धारा ९ को उल्लंघन गरेको समितिको दृष्टिकोण छ ।

१४. अनुबन्धको धारा २ को परिच्छेद ३ (क) अनुरूप राज्यपक्षले निवेदिकालाई प्रभावकारी उपचार दिनुपर्ने बाध्यता छ । यसअनुसार राज्यपक्षले अनुबन्ध अन्तर्गतका अधिकार उल्लंघन भएका व्यक्तिहरूलाई प्रभावकारी उपचार र पूर्ण परिपूरण गर्नुपर्ने आवश्यकता हुन्छ । यसैअनुरूप राज्यपक्षले अन्य कुराका अतिरिक्त देहायका कार्य गर्ने बाध्यता छ : (क) निवेदिका पूर्णमायाले निवेदन गरेका तथ्यहरूमाथि पूर्ण तथा प्रभावकारी अनुसन्धान गर्ने, विशेषगरी २००४ को नोभेम्बर २३ मा उनीमाथि गरिएको व्यवहार, (ख) उनको स्वेच्छाचारी थुना, यातना र उत्पीडनका लागि जिम्मेवार व्यक्तिहरूलाई उपयुक्त कानून मार्फत अभियोजन, अदालती कारवाही र सजाय गर्नुपर्ने अनि यी उपायका परिणाम सार्वजनिक गर्नुपर्ने, (ग) निवेदिकाले बेहोरेको ज्यादतीमा पर्याप्त क्षतिपूर्ति र सन्तुष्टिका उपयुक्त उपायहरू प्रदान गर्ने, जसमा यातनाको परिणामस्वरूप उनले बेहोरेका चोटपटकको उपचारखर्चको भरपाइ पनि पर्छ, (घ) निवेदिकालाई सबै आवश्यक तथा पर्याप्त मनोवैज्ञानिक

[30]See CCPR/C/NPL/CO/2, para. 13, in which the Committee expressed concern at the lack of progress in abolishing the 35-day limitation period for filing complaints of rape; and *Maharjan v. Nepal*, para. 7.6.

पुनःस्थापना र स्वास्थ्य उपचार सेवाको सुनिश्चितता गर्ने । यस्ता प्रकृतिका ज्यादतीहरू भविष्यमा नदोहोरिऊन् भनी उपाय अपनाउने पनि राज्यपक्षको जिम्मेवारी हो ।

१५. त्यस सम्बन्धमा अनि अनुबन्धको धारा २ को परिच्छेद २ अन्तर्गतको आफ्नो बाध्यता अनुरूप राज्यपक्षले (क) बलात्कारका उजुरीहरू दर्ताका लागि ३५ दिने हदम्याद खारेज गर्नुपर्छ, (ख) बलात्कार पीडितलाई उजुरी दर्ता तथा न्यायमा पहुँचमा बाधा गर्ने अवरोधहरूलाई हटाउने, जसअन्तर्गत उजुरी दर्ता गर्दा, अनुसन्धान गर्दा र कानूनी प्रक्रियामा जाँदा पीडितको गोपनीयता र सुरक्षाको सुनिश्चितता कायम गर्ने, महिला प्रहरी अधिकारी र अभियोजनकर्ताको संख्या बढाउने, अस्पतालहरूमा यौन हिंसाका पीडितहरूका स्वास्थ्य जाँचसम्बन्धी कागजातको गोप्य भण्डारण सम्बन्धी नीतिहरू तर्जुमा गर्ने र द्वन्द्वका दौरान भएका यौन हिंसाका पीडितहरूलाई अन्तरिम राहत दिने, (ग) यातनालाई फौजदारी अपराध बनाउने र यस अपराधमा दण्डहीनतालाई छुट दिने कानूनी प्रावधान हटाउने, (घ) नेपाली समाजमा यौन हिंसाको विषयको उजागर तथा पीडितको अवस्थालाई सुधार गर्न एक राष्ट्रिय संवादको शुरुवात गर्ने तथा (ङ) तालिम दिने तथा महिलाविरुद्ध हुने हिंसामा सचेतना तालिम गर्ने अनि पीडितहरूलाई पर्याप्त सुरक्षा प्रदान गर्ने ।[31]

१६.ऐच्छिक आलेखको पक्षराष्ट्र बनेपछि पक्षराष्ट्रले महासन्धिको उल्लंघन भएको छ छैन भनी ठहर गर्ने समितिको क्षमतालाई स्वीकार गरेको हुन्छ । अनुबन्धको धारा २ का सम्बन्धमा पक्षराष्ट्रले आफ्नो क्षेत्र तथा क्षेत्राधिकारभित्र सबै व्यक्तिलाई अनुबन्धले प्रदान गरेको अधिकारहरू सुनिश्चित गर्ने र उल्लंघन भएको प्रमाणित भएमा प्रभावकारी तथा प्राप्य उपचार उपलब्ध गराउनु पक्षराष्ट्रको दायित्व हो । समितिले पक्षराष्ट्रबाट १८० दिनभित्रमा समितिले दिएको धारणाकार्यान्वयन गर्नका लागि अपनाइएका उपायका बारेमा समितिलाई जानकारी दिनेछ भन्ने चाहना राखेको छ । समितिका धारणालाई प्रकाशन गर्न र आधिकारिक भाषामा अनुवाद गरी व्यापक वितरण गर्नका लागि समेत राज्यपक्षलाई अनुरोध गरिएको छ ।

[31]See CCPR/C/NPL/CO/2, paras. 13-14.